कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड को

# नियामावलीपत्र

(वि.सं. २०८३ साल वैशाख मसान्तसम्म संसोधन भएको समेत)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

## नियमावली

### परिच्छेद - १

### प्रारम्भिक

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम "गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Ganapati Laghubitta Bittiya Sanstha Limited भनिने छ । जसलाई यसपछि " वित्तीय संस्था" भनी सम्बोधन गरिने छ ।

२. **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** यस लघु वित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं. ४ साविक दुलेगौंडा मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली लघु वित्तीय कारोवार विस्तार गर्न सकिनेछ ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(घ) "वित्तीय संस्था" भन्नाले गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ ।

(ङ) "प्रवन्धपत्र" भन्नाले वित्तीय संस्थाको प्रवन्धपत्र सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले वित्तीय संस्थाको नियमावली सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले वित्तीय संस्थाको संचालक समिति सम्झनु पर्छ ।

(ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय संस्था स्थापना गर्नको लागि प्रवन्धपत्र तथा नियमावलीमा कम्तीमा एक सय शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(झ) "शेयर" भन्नाले वित्तीय संस्थाको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

(ञ) "शेयरधनी" भन्नाले वित्तीय संस्थाको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र बैकल्पिक सञ्चालक समेतलाई जनाउँछ ।

(ड) "वित्तीय कारोवार" भन्नाले वित्तीय संस्थाले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ (४) मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्छ ।

(ढ) "कार्यालय" भन्नाले वित्तीय संस्थाको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले वित्तीय संस्थाको क्षेत्रीय, शाखा, उप-शाखा, प्रशाखा, इलाका, प्रतिनिधि, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउँछ ।

(ण) "पदाधिकारी" भन्नाले वित्तीय संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, प्रवन्धक, कम्पनी सचिव, र कर्मचारी सम्झनु पर्छ र सो शब्दले लघु वित्त वित्तीय संस्थाको लिक्विडेटर, सल्लाहाकार, लेखापरीक्षक र व्यवसायिक विज्ञको रुपमा काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(त) "कार्यकारी प्रमुख" भन्नाले वित्तीय संस्थाको दैनिक काम कार्यवाही सुचारु रुपले संचालन गर्न समितिले नियुक्त गरेको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा काम गर्ने कार्यकारी अध्यक्ष, कार्यकारी निर्देशक, कार्यकारी संचालक, प्रवन्ध निर्देशक, प्रवन्ध संचालक वा महाप्रवन्धक वा सो पदमा रही कामकाज गर्ने अन्य पदाधिकारीमध्ये कुनै एक पदाधिकारीलाई जनाउँछ ।

(थ) "सभा" भन्नाले वित्तीय संस्थाको साधारण सभा सम्झनु पर्छ ।

४. **वित्तीय संस्थाको उद्देश्य :** वित्तीय संस्थाको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - २
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य :** यस वित्तीय संस्थाको शेयरको अंकित मूल्य रु.१००।- हुनेछ ।

६. **शेयरमा लियन रहने कुरा :** शेयरधनीहरुले वित्तीय संस्थालाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा वित्तीय संस्थालाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा वित्तीय संस्थाको लियन वा दाबी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :** साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने :** हाल विभिन्न बर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न बर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

९. **अग्राधिकार शेयर :** वित्तीय संस्थाको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

१०. **संस्थापकले लिनु पर्ने शेयर :** शेयरधनीले वित्तीय संस्थाको संस्थापक हुन वित्तीय संस्थाको स्थापना गर्ने समयमा कम्पनी रजिष्ट्रार कार्यालयमा पेश गरिएको प्रबन्धपत्र तथा नियमावली अनुसार कम्तीमा १००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था :** वित्तीय संस्थाले ऐन अनुसार शतप्रतिशत रकम शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य ब्यवस्था ऐन र कम्पनी ऐन बमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितोवन्धक सम्बन्धी व्यवस्था :** (१) वित्तीय संस्थाको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

(२) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्वन्धी कानून बमोजिम हुनेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण गर्दा ऐन, कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा यस नियमावलीको अधीनमा रही गरिनेछ ।

१३. **शेयरको प्रमाण पत्र :** वित्तीय संस्थाले जारी गर्ने शेयरको प्रमाणपत्रमा कुनै एक संचालक तथा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये कुनै दुई जनाको दस्तखत हुनेछ ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुरा :** ऐन, राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र कम्पनी ऐनमा उल्लेखित प्रावधान अनुरुप साधारण सभामा विशेष प्रस्ताव पेश गरी सभाको निर्णयबाट वित्तीय संस्थाको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था :** (१) राष्ट्र बैंकको स्वीकृति लिइ ऐनको अधीनमा रही वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ ।

(२) वित्तीय संस्थाले आफ्नो शेयर आफैं खरिद गर्दा ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सकिनेछ ।

१६. **ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था :** (१) वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृती लिई प्रचलित कानूनको अधीनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।

(२) जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म वित्तीय संस्थाले डिबेञ्चर उठाउन सक्ने छैन् ।

(३) वित्तीय संस्थाले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सोलाई साधारण सभाले अनुमोदन गरी राष्ट्र बैंकको स्वीकृति प्राप्त भए पछि लागू हुनेछ ।

(४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा सो सम्बन्धी कुनै शर्त तोक्नु परेमा समितिले तोके बमोजिम हुनेछ ।

(५) वित्तीय संस्थाको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ ।

(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैंकबाट जारी निर्देशन, ऐन, कम्पनी, ऐन तथा धितोपत्र कारोबार सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धी व्यवस्था कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण :** (१) शेयरधनी वा डिबेञ्चरवालाले वित्तीय संस्थाको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा वित्तीय संस्थाले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर वित्तीय संस्थाले आफ्नो सूचना पाटीमा सात दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

(२) कसैले शेयरवालाको दर्ता किताबको प्रतिलिपि लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रति पृष्ठ रु. १०।- दस्तुर लिई प्रतिलिपि दिइनेछ ।

## परिच्छेद - ३
## साधारण सभा

१८. **वित्तीय संस्थाको साधारण सभा सम्बन्धी व्यवस्था :** (१) यस वित्तीय संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(क) बार्षिक साधारण सभा,

(ख) विशेष साधारण सभा ।

(२) यस वित्तीय संस्थाको प्रथम वार्षिक साधारण सभा वित्तीय संस्थाले कारोबार गर्ने स्वीकृति पाएको मितिले एक वर्षभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गरिनेछ ।

(३) यस वित्तीय संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा पन्ध्र दिन अगावै शेयरधनीहरुलाई निजहरुले वित्तीय संस्थालाई उपलव्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ । सो सूचना कम्तिमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिनेछ ।

(४) समितिको अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले र कम्पनी सचिवको अनुपस्थितिमा कार्यकारी प्रमुखले वा समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले समितिको बैठक बस्न नसकेमा समितिको कूल सञ्चालकहरुमध्ये कम्तिमा ५१ (एकाउन्न) प्रतिशत सञ्चालक उपस्थित भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट बहुमतले छानेको सञ्चालकले समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तिमा सात दिन अघि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

१९. **साधारण सभाको कार्यविधि :** (१) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(२) समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट बहुमतले छानेको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ ।

तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट बहुमतले छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले सभा विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको सतसठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको व्यवस्था हाल नभएको ।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषय :** कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नु पर्ने अन्य केही विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।

२१. **विशेष प्रस्ताव :** कम्पनी ऐनमा उल्लेख भएको विषय बाहेकका विषयका सम्बन्धमा बिशेष प्रस्ताव पेश गर्नु पर्ने देखी समितिले निर्णय गरेमा बिशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सकिनेछ ।

२२. **विशेष साधारण सभा :** कम्पनी ऐनमा उल्लेख भए बमोजिम वित्तीय संस्थाको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **गणपुरक संख्या :** बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तिमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा बाँडफाँड भएको कूल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न वाधा पर्ने छैन ।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था :** (१)उपनियम (३) को अधीनमा रही प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा वढी हुने छैन ।

(५) कुनै सञ्चालकलाई लघु वित्त वित्तीय संस्थाको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

(छ) एक भन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोतिम नियुक्त गरेको प्रतिनिधीले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताव सो साझेदार मध्ये जसको नाम क्रमानुसारअघि लेखिएको छ सोही साझेदारले दिउको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।

२५. **मतदान :** (१) ऐन, कम्पनी ऐन, प्रवन्धपत्र तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।

(५) सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ संचालकको हकमा समितिद्धारा र अन्य संचालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्धारा गरिनेछ ।

२६. **साधारण सभाको निर्णय विवरणको अभिलेख :** (१) कम्पनी ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख खडा गरी राखिनेछ । त्यस्तो अभिलेखमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा वित्तीय संस्थाले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ४

## सञ्चालक समिति

२७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :** (१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति समितिले गर्नेछ ।

(२) यस वित्तीय संस्थामा ६ जनाको सञ्चालक समिति हुनेछ । जसमा(क) समूहमा रहेको संस्थापक समूहबाट मनोनयन/निर्वाचित ३ (तिन) जना, समूह (ख) सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् ।

(३) सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्त भएको थियो सोही प्रक्रिया र समूहबाट गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त

भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ । तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि समितिले सोहि समूहबाट सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) संचालकको निर्वाचनको लागि समितिले निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) संचालकहरुले आफुमध्येबाट बहुमतले छानेको कुनै एकजना व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

(८) यस वित्तीय संस्थाको प्रथम वार्षिक साधारणसभा नभएसम्म र/वा ब्यावसायिक विशेषज्ञ संचालकको नियुक्त नभएसम्म वित्तीय संस्थामा निम्न सञ्चालक रहेको प्रथम समिति रहनेछः-

(क) श्री युवराज भण्डारी - अध्यक्ष

(ख) श्री दिनेश लाल श्रेष्ठ - संचालक

(गुहेश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि. प्रतिनिधि)

(ग) श्री रमेन्द्र प्रधानाङ्ग - संचालक

(घ) श्री राजेश कुमार श्रेष्ठ - संचालक

(ङ) श्री इन्द्र बहादुर अधिकारी - संचालक

२८. **सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या** : यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर स्वतन्त्र ब्यावसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

२९. **ब्यावसायिक सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**

(१) ऐनले व्यवस्था गरे बमोजिम राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सूचीबाट संचालक हुन योग्य भएको ब्यक्तिमध्येबाट ऐनको दफा १७ उपदफा (३) बमोजिम समितिले एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ, र निजको पुनः नियुक्त हुन सक्नेछ ।

(३) व्यवसायीक संचालकको काम, कर्तव्य र अधिकार अन्य संचालक सरह हुनेछ ।

३०. **सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने :** एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्त हुन सक्नेछ ।

३१. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** समितिमा संचालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिनेछ :-

(क) संस्थापक समूह "क" मा जम्मा ३ जना संचालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन् । आपसी सहमती हुन नसकी निर्वाचन हुने भएमा संस्थापक शेयरधनीहरुलेमात्र सो समूहमा मतदान गर्ने अधिकार हुनेछ ।

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित २ जना ।

**३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था</u> :**

(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक बापत तलव साधारण सभाले तोके बमोजिम पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्ताविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ ।

(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्षले रु. ५,०००/- र अन्य संचालकले पाउने प्रति बैंठक भत्ता रु. ४,५००।- हुनेछ ।

(ग) वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने यातायात खर्च बिल बमोजिम, दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–

(अ) स्वदेशमा दैनिक भत्ता रु. ३,५००।-
(आ) भारतमा दैनिक भत्ता भा.रु.३,५००।-
(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ९०।-
(ई) यातायात खर्च विल बमोजिम ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि पहिलो साधारणसभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता, भ्रमण भत्ता र अन्य सुविधा यस नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

तर यसरी एक पटक तोकिएको पारिश्रमिक भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

(३) संचालकले यस नियमावलीमा लेखिएदेखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा ऐन बमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असूल उपर गरिनेछ ।

**३३. <u>समितिको काम कर्तव्य र अधिकारहरु</u> :** समितिको काम, कर्तव्य र अधिकार ऐन वा राष्ट्र बैंकबाट जारी नियमन तथा निर्देशन अनुरुप हुनेछ र सोमा उल्लेख नभएकोमा कम्पनी ऐनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

**३४. <u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था</u> :** (१) ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले आफ्नो अधिकारमध्ये केही वित्तीय संस्थाका अन्य पदाधिकारी, समिति/उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**३५. <u>प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था</u> :** (१) नियम ३६ बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्त नभएको अवस्थामा संचालकहरुले आफुमध्येबाट एक जनालाई प्रवन्ध संचालक पदमा बढीमा चार वर्ष सम्मको लागि नियुक्त गर्न सक्नेछन् ।

(२) प्रवन्ध संचालकको काम कर्तव्य तथा अधिकार समितिले लिखित सम्झौता गरी तोके बमोजिम हुनेछ ।

(३) प्रवन्ध संचालकको पारिश्रमिक तथा अन्य सुविधा नियम ३२ बमोजिम हुनेछ ।

(४) कुनै एक बैंक तथा वित्तीय संस्थाको संचालक वा प्रवन्ध संचालक पदमा कार्यरत व्यक्तिलाई एकै समयमा अर्को बैंक तथा वित्तीय संस्थाको प्रवन्ध संचालक पदमा नियुक्त गर्न सकिने छैन ।

३६. **<u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था</u> :** (१) समितिले ऐन र नियमावलीको अधीनमा रही वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी प्रमुख वित्तीय संस्थाको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(४) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त समितिले तोके बमोजिम वा करारद्धारा निश्चित हुनेछ ।

तर सञ्चालक कार्यकारी प्रमुखको रुपमा नियुक्ति भएमा निजको पारिश्रमिक तथा सुविधाहरु नियम ३२ अनुसार साधारण सभाले तोके बमोजिम हुनेछ ।

(५) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय लागू गर्ने र ऐन, कम्पनी ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही वित्तीय संस्थाको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) वित्तीय संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय र राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही वित्तीय संस्थाले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) वित्तीय संस्था सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(छ) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ ।

३७. **<u>समितिको बैठक कसले बोलाउने</u> :** समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले समितिको बैठक बोलाउन सक्नेछ ।

३८. **<u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> :**

(१) समितिको बैठक दुईवटा बैठक बीचको फरक दुई महिना भन्दा बढी नहुने गरी वर्षमा बाह्र पटक बैठक बस्नु पर्नेछ । नियम ३७ मा लेखिएको पदाधिकारीले समितिको बैठक बोलाउनेछ ।

त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा एक तिहाई प्रतिशत सञ्चालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।

(२) समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालकहरु समितिको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ । तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई समितिको बैठक बस्न सक्ने छैन् र गणपूरक संख्या नपुगी समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट बहुमतले छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन् ।

३९. **समितिको निर्णयको अभिलेख** : (१) समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकले दस्तखत गरेको हुनु पर्नेछ ।

तर कुनै विषयमा छलफल गर्दा कुनै सञ्चालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गरी दस्तखत गर्नु पर्नेछ ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन, कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद - ५

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. **वित्तीय संस्थाको हिसाबकिताब, लेखा तथा लेखापरीक्षण** : (१) वित्तीय संस्थाले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त र अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (

एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा, राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नु पर्नेछ ।

(२) वित्तीय संस्थाले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुरुप राख्नु पर्नेछ ।

(३) वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाव किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति वित्तीय संस्थाको साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा वढी अवधिको लागि नियुक्त गर्न सकिने छैन ।

(५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा वित्तीय संस्थाले मनासिव कारण सहित म्याद थपको लागि राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र राष्ट्र बैंकले बढीमा तीन महिनाको अवधि थप गरि दिन सक्नेछ ।

(७) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति वित्तीय संस्था र राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । वित्तीय संस्थाले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।

(८) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन, कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(९) वित्तीय संस्थाको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनु पर्नेछ ।

४१. **<u>लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था</u>** : (१) वित्तीय संस्थाले राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।

(२) समितिले प्रचलित कानूनको अधीनमा रही उपनियम (१) वमोजिम गठित समितिको काम कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

## परिच्छेद - ६

## <u>विविध</u>

४२. **<u>लाभांश सम्बन्धी व्यवस्था</u>** : (१) वित्तीय संस्थाले लाभांश विवतरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) ऐन तथा राष्ट्र बैंकबाट जारी निर्देशनहरुको अधीनमा रही लघु वित्त वित्तीय संस्थाले अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय संस्थाले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सक्नेछ ।

४३. **शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना :** वित्तीय संस्थाले शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्चरवालाहरुले वित्तीय संस्थाका सञ्चालक वा वित्तीय संस्थाका पदाधिकारीलाई कुनै सूचना वा जानकारी वा विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. **कम्पनी सचिव सम्बन्धी व्यवस्था :**

(१) कम्पनी ऐनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई समितिले वित्तीय संस्थाको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा वित्तीय संस्थामा कार्यरत योग्यता पुगेको कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ ।

तर उल्लिखित योग्यता पुगेको वित्तीय संस्थामा कार्यरत कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यबस्था समितिले तोके बमोजिम हुनेछ ।

(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार कम्पनी ऐनमा उल्लेख भए बमेजिम हुनेछ ।

४५. **वित्तीय संस्थाको छाप सम्बन्धी व्यवस्था :**

(१) लघु वित्त वित्तीय संस्थाको छाप कार्यकारी प्रमुखको मातहतमा रहनेछ, जसको प्रयोग वित्तीय संस्थाको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले वित्तीय संस्थाका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेबारी सुम्पन सक्नेछ ।

(२) वित्तीय संस्थाको छाप अनाधिकृत रुपमा प्रयोग गरी वित्तीय संस्थालाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :**

(१) वित्तीय संस्थाको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा वित्तीय संस्थाको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु सरोकारवालाले माग गरेमा प्रति पृष्ठ रु.१०।- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) वित्तीय संस्थाको साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.५।- दस्तुर लाग्नेछ ।

(३) वित्तीय संस्थाको समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.५।- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न रु.२०।- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु.५।- दस्तुर लाग्नेछ ।

## ४७. <u>वित्तीय संस्था गाभिने व्यवस्था</u> :

(१) यस वित्तीय संस्थामा कुनै अर्को बैंक वा वित्तीय सस्थालाई वा यस वित्तीय संस्थालाई अर्को कुनै बैंक वा वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा वित्तीय संस्थाको साधारण सभाले विशेष प्रस्ताव पारित गरी राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून बमोजिम अर्को बैंक वा वित्तीय सस्थालाई गाभ्न वा आफू अर्को वित्तीय संस्थामा गाभिन सक्नेछ ।

(२) यस वित्तीय संस्था अर्को बैंकसँग गाभिदा शेयरको हेरफेर, हस्तान्तरण वा वित्तीय संस्थाको सम्पूर्ण जायजेथा विक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा राष्ट्र बैंकको स्वीकृति लिई कुनै विशेष व्यवस्था गर्न सकिनेछ ।

## ४८. <u>वित्तीय संस्थाको खारेजी</u> :

(१) राष्ट्र बैंकको पूर्व स्वीकृति विना लघु वित्त वित्तीय संस्था स्वेच्छाले खारेज हुन सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम वित्तीय संस्थाको स्वेच्छिक खारेजीको लागि साधारण सभाले निर्णय गरी राष्ट्र बैंकको स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(३) वित्तीय संस्थाको खारेजी सम्बन्धी अन्य व्यवस्था ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

## ४९. <u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा</u> :

(१) यो वित्तीय संस्था कम्पनी ऐन अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत वित्तीय कारोवार गर्ने लघु वित्त वित्तीय संस्था हुनेछ ।

(२) राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा वित्तीय संस्थाले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरू नियमित रूपले राष्ट्र बैंकमा पेश गर्नेछ ।

(३) वित्तीय संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-

(क) संगोलको पति वा पत्नी,
(ख) संगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,
(ग) संगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,
(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,
(ङ) संगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,
(च) संगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,
(छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी-बुहारी,

(ज) भिन्न बसेको दाजु वा भाइ,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।

तर उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।

(४) वित्तीय संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।

(५) वित्तीय संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर लघु वित्त वित्तीय संस्थामा निक्षेप राखेको रूपैया नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

(६) वित्तीय संस्थाले दश वर्षदेखि चल्ती नभएका तथा ऐन बमोजिम हक दावी नपरेका निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(७) राष्ट्र बैंक ऐन, २०५८, वा सो अन्तर्गत बनेका नियम/विनियमहरू बमोजिम नेपाल सरकार वा राष्ट्र बैकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा र वित्तीय संस्थासँग भएको करारमा वा वित्तीय संस्थाको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन ।

(८) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकको स्वीकृति लिई बैंकले विनियम बनाउन सक्नेछ । समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।

(९) वित्तीय संस्थाको काम कारोवार सञ्चालन गर्नको लागि संघ/संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ । वित्तीय संस्थाको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरूको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न सक्नेछ ।

(१०) वित्तीय संस्थाले आफ्नो कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंकले तोकि दिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।

(११) वित्तीय संस्थाले आफ्नो कूल जोखिम सम्पत्तिको आधारमा राष्ट्र बैंकले तोकि दिएको अनुपातमा पूंजीकोष कायम गर्नेछ ।

**५०. <u>अन्य आवश्यक कुरा</u> :**

(१) वित्तीय संस्थाको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्त सम्म हुनेछ ।

(२) वित्तीय संस्थाको शेयर चल सम्पत्ति मानिनेछ र ऐन, कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही वित्तीय संस्थाको शेयर धितोबन्धक राख्न वा सोको बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

(३) लाभांश घोषणा गर्दाको समयमा लगत किताबमा जसको नाममा शेयर रहेको छ सो शेयरधनी लाभांशको हकदार हुनेछ ।

(४) वित्तीय संस्थाका सञ्चालक तथा कर्मचारीले आफ्नो ओहदा सम्हाल्नु पूर्व तोकिए बमोजिम गोपनियता र इमान्दारीताको शपथ गर्नु पर्नेछ ।

(५) वित्तीय संस्थाका कुनै सञ्चालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरु कानूनले छुट दिएको अवस्थामा बाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुंदैन ।

(६) समितिले सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) सञ्चालकको नियुक्ति वा समितिको गठनमा भएको अनियमितता वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले समितिको कुनै कामकारवाही बदर हुने छैन ।

(८) वित्तीय संस्थाले सञ्चालक, शेयरधनी, कर्मचारी वा लघु वित्त वित्तीय संस्थासँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा कम्पनी कानून तथा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ ।

(९) राष्ट्र बैंक ऐन, २०५८ ऐन र कम्पनी ऐनमा परिभाषित शब्द वा शब्दावलीहरुलाई यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ ।

**५१. नियमावली संशोधन भएमा लागू हुने अवस्था** : (१) वित्तीय संस्थाले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा ऐन र कम्पनी ऐनको व्यवस्थाको अधीनमा रही कम्पनी ऐनको दफा २१ र ८३ मा गरेको व्यवस्थामा बाहेक अन्यको हकमा सामान्य प्रस्ताव पारित गरि राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावलीमा संशोधन भएको मानिनेछ ।

(२) राष्ट्र बैंक ऐन, २०५८ ऐन, कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गरिने छ ।

**५२. नियमावली बाझिएको हदसम्म अमान्य हुने :** यस नियमावलीमा उल्लेख भएका कुराहरू राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन, धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरूको हकमा सोही कानून वा ऐनहरूमा उल्लेख भए बमोजिम हुनेछ ।

**५३. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** हामी गणपति लघुवित्त वित्तीय सँस्था लिमिटेडको संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित गणपति लघुवित्त वित्तीय संस्था लि., ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा हठरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| क्र. सं | संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/ पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | द.<br>गुहेश्वरी मर्चेन्ट बैंकीङ्ग एण्ड फाइनान्स लिमिटेड ललितपुर<br><br>दा. वा. | | कम्पनी दर्ता नं ७७६ | २,२५,०००० | द.<br>नामः शिवराज भण्डारी<br>ठेगानाः<br>जिल्लाःकाठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं.४<br>दा. बा. | ५५६० अछाम |
| २. | द.<br><br>श्री युवराज भण्डारी<br>कपन, वडा नं. ३<br><br>दा. वा. | भद्रलाल भण्डारी | १४१/३९४० मोरङ्ग | १,००,०००० | द.<br>नामः प्रजेश ताम्रकार<br>ठेगानाः<br>जिल्लाःललितपुर<br>न.पा./गा.वि.स<br>ललितपुर<br>उ.मा.न.पा.<br>वडा नं. १९<br>दा. बा. | ३१०८० ललितपुर |
| ३. | द.<br>श्री प्रभात तामाङ्ग<br>स्याफ्रबेसी वडा ४ रसुवा<br><br>दा. वा. | सोनाम छिरिङ्ग | ३३७२ रसुवा | ३०,००० | द.<br>नामः ओम प्रसाद मास्के<br>ठेगानाः<br>जिल्लाः सप्तरी<br>न.पा./गा.वि.स<br>जनडोल<br>वडा नं. ५<br>दा. बा. | ४३४८ सप्तरी |
| ४. | द.<br>श्री डा. रेश्मा श्रेष्ठ<br>काठमाण्डौं कालीमाटी<br><br><br>दा. वा. | कृष्ण काजी श्रेष्ठ | ५१५९२ ललितपुर | ५०,००० | द.<br>नामः सृष्टि राजकर्णिकार<br>ठेगानाः<br>जिल्लाःललितपुर<br>न.पा./गा.वि.स<br>उ.मा.न.पा<br>वडा नं. १८<br>दा. बा. | ४२८७७ ललितपुर |
| ५. | द.<br>श्री डा. रंजीता श्रेष्ठ<br>हेपाली हाइट,<br>बुढानीलकण्ठ<br><br>फोन नं.<br><br>दा. वा. | म्हेश गोर्खाली | ८८५६१ ललितपुर | २०,००० | द.<br>नामः रजना शाक्य<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ललितपुर<br>उ.मा.न.पा.<br>वडा नं.१२<br>दा. बा. | ४४८४५ ललितपुर |
| ६. | द.<br>श्री वृष बहादुर बस्नृत | सूर्य बहादुर बस्नेत | ४६२४/२२९० काठमाण्डौं | ३०,००० | द. | ८६४७१७३० महोतरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खोटाङ्ग, काउले २<br><br>दा. वा. | | | | नामः दिपक कुमार श्रेष्ठ<br>ठेगानाः<br>जिल्ला : काठमाण्डौं<br>न.पा. ⁄ गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. १०<br>दा. बा. | |
| ७. | द.<br><br>श्री दिव्यश्वरी सिंह<br>ल.पु. वडा नं. ३ सानेपा<br><br>दा. वा. | धर्मरत्न महर्जन | ३७१२ काठमाण्डौं | ३०,००० | द.<br>नामः रवि सिंह<br>ठेगानाः<br>जिल्लाः काठमाण्डौं<br>न.पा. ⁄ गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. १२<br>दा. बा. | ६९९५ ⁄ ८२२६<br>काठमाण्डौं |
| ८. | द.<br>श्री रमेन्द्र प्रधानाङ्ग<br>का.न. पा. १४ कुलेश्वर<br><br>दा. वा. | मिगेन्द्र ब. प्रधानाङ्ग | १०१८१ काठमाण्डौं | ३०,००० | द.<br>नामः अर्चना प्रधान<br>ठेगानाः<br>जिल्लाः काठमाण्डौं<br>न.पा. ⁄ गा.वि.स<br>का.म.न.पा.<br>वडा नं.१४<br>दा. बा. | ९३१२<br>काठमाण्डौं |
| ९. | द.<br>श्री भुपेस राजभण्डारी<br>खड्गा भद्रकाली वडा नं. ६ बुढानीलकण्ठ<br><br>दा. वा. | पुष्करमान सिंह राजभण्डारी | ३२५७ काठमाण्डौं | २०,००० | द.<br>नामःजीवा श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाः काठमाण्डौं<br>न.पा. ⁄ गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. १४<br>दा. बा. | ९३१२<br>काठमाण्डौं |
| १०. | श्री देवकृष्ण ताम्राकार<br>भु.प वडा नं. ११ क्वाछे<br><br>दा. वा. | ह्रेराकाजी ताम्राकार | ३२९ ⁄ ०३७ भक्तपुर | २०,००० | द.<br>नामः तिर्थ लक्ष्मी ताम्रकार<br>ठेगानाः<br>जिल्लाःभक्तपुर<br>न.पा. ⁄ गा.वि.स<br>भक्तपुर न. पा.<br>वडा नं.११<br>दा. बा. | ६५३६<br>भक्तपुर |
| ११. | द.<br>श्री राजेश मानन्धर | राम मानन्धर | १२८०८ काठमाण्डौं | २०,००० | द.<br>नामः रुपा मानन्धर | ८६५१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | का.म.न.पा. २ ग(३३)<br>काठमाण्डौं डिल्लीबजार<br><br>दा. वा. | | | | ठेगानाः<br>जिल्लाःकाठमाण्डौं<br>न.पा. /गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. ३३<br>दा. बा. | |
| १२. | द.<br><br>श्री लक्ष्मी ओझा<br>का.जि. कपन ३<br><br>दा. वा. | कृष्ण प्रसाद ओझा | ११८०१६४८<br>झापा | २०,००० | द.<br>नामःअनिशा खेधौं श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाःभक्तपुर<br>न.पा. /गा.वि.स<br>भ.न.पा.<br>वडा नं. १५<br>दा. बा. | २६४५५<br>भक्तपुर |
| १३. | द.<br><br>श्री श्रीमान श्रेष्ठ<br>का.म.न.पा. भिमसेनगोला ३४ बानेश्वर<br>दा. वा. | यज्ञमान श्रेष्ठ | २२९०<br>काठमाण्डौं | २०,००० | द.<br>नामः राधिका श्रेष्ठ<br>ठेगानाः<br>काठमाण्डौं<br>जिल्लाः<br>न.पा. /गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. ३४<br>दा. बा. | ३३९२/९४९<br>काठमाण्डौं |
| १४. | द.<br><br>श्री सरोजनी श्रेष्ठ<br>ल.पु बखुण्डोल वडा न. १<br>दा. वा. | गणेश कुमार सिंह माथेमा | ३५६७१<br>ललितपुर | १५,००० | द.<br>नामः सत्यन्द्र प्यारा श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा. /गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. १<br>दा. बा. | १३ महोतरी |
| १५. | द.<br><br>श्री संजीता श्रेष्ठ<br>कमलादी काठमाण्डौं<br>दा. वा. | सत्यन्द्र प्यारा श्रेष्ठ | ७३१६२<br>ललितपुर | १०,००० | द.<br>नामः मोहीनी ताम्राकार<br>ठेगानाः<br>जिल्लाः ललिपुर<br>न.पा. /गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. १२<br>दा. बा. | १६०१५<br>ललितपुर |
| १६. | द.<br><br>श्री राजेश कुमार श्रेष्ठ<br>७/२८१ रेशमकोठी<br>विरगञ्ज, पर्सा<br>दा. वा. | श्याम बहादुर श्रेष्ठ | १६०३०४८७६<br>पर्सा | १०,००० | द.<br>नामः मनोज थापा<br>ठेगानाः<br>जिल्लाः भक्तपुर<br>न.पा. /गा.वि.स<br>भक्तपुर न.पा. | १४३६९<br>भक्तपुर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वडा नं. ९<br>दा. बा. | |
| १७. | द.<br><br>श्री नारायण प्रसाद भट्टराई मनभवन ५ ललितपुर<br>दा. वा. | शिव प्रसाद भट्टराई | २०/१४४<br>काठमाण्डौं | १०,००० | द.<br>नामःजीवन भट्टराई<br>ठेगानाः<br>जिल्लाःरामेछाप<br>न.पा./गा.वि.स<br>सालु<br>वडा नं. ९<br>दा. बा. | ३८८५६<br>रामेछाप |
| १८. | द.<br><br>श्री नीरजा शर्मा सापकोटा काठमाण्डौं वडा नं. १० गोल्फुटार बुढानीलकण्ठ<br>दा. वा. | नरेश चन्द्र शर्मा | १०१९/१०५२६<br>काठमाण्डौं | १०,००० | द.<br>नामः सुमन डंगोल<br>ठेगानाः<br>जिल्लाःललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. २१<br>दा. बा. | ५०६८९<br>ललितपुर |
| १९. | द.<br><br>श्री अच्युत राज सापकोटा काठमाण्डौं वडा नं. १० गोल्फुटार बुढानीलकण्ठ<br><br>दा. वा. | मित्रलाल सापकोटा | ४७२७५/३२८६२<br>काठमाण्डौं | १०,००० | द.<br>नामः रजनी महर्जन<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. २२<br><br>दा. बा. | ६५६५७<br>ललितपुर |
| २०. | द.<br><br>श्री इन्द्र बहादुर अधिकारी फोन नं.<br><br>दा. वा. | परशुराम अधिकारी | ५९९९/८३२<br>ओखलढुङ्गा | १०,००० | द.<br>नामः तुलसा खरेल<br>ठेगानाः<br>जिल्लाःकाठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. ५<br>दा. बा. | ६१३२३<br>नुवाकोट |
| २१. | द.<br><br>श्री मणी थापा साह कोटेश्वर वडा नं. ३५ काठमाण्डौं<br>दा. वा. | फत्ते बहादुर थापा | ३२५/०३२/०३३ | १०,००० | द.<br>नामः सविना श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. ४<br>दा. बा. | ३९६९६२७३<br>धनुषा |